
apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१




● वर्ष: १२ ● अंक: १३१ ● पृष्ठ: ४ ● १५ जेठ २०८३ शुक्रबार (29 May 2026, Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## अदालत घेराउ गर्ने मिटरब्याज पीडितको चेतावनी




**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ १४ गते**

मिटरब्याज पीडितहरूले यही जेठ १९ गते धनुषा जिल्ला अदालत घेराउ गर्ने भएका छन्।

बिहीबार जनकपुरधाममा पत्रकार सम्मेलन गर्दै मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन, नेपाल मिथिला कमान्डले यस्तो जानकारी दिएको हो।

पत्रकार सम्मेलनमा बोल्दै मिथिला कमाण्डका इन्चार्ज मोहन महतोले अगामी मंगलबार मिथिला कमान्ड र भोजपुरा कमान्डको नेतृत्वमा शान्तीपूर्ण रुपमा धनुषा जिल्ला अदालत घेराउ गरिने बताए।

उनले पीडितहरू विगत १२ दिनदेखि आन्दोलनरत भएपनि राज्यपक्ष आफूहरूका मागप्रति राज्य गम्भीर नभएको आरोप लगाए।

उनले भने, '१२ दिनसम्म पनि पीडितहरूको कुरा सुनेका छैनन्। छलफलमा समेत मिटरब्याज धनीहरूले वास्ता गरेनन् । पीडितहरूको समस्या नसुनेको कारण अब हामी आन्दोलनलाई अगाडी बढाउँदैछौँ। हामीहरू यही जेठ १९ गतेको दिन मिथिला कमाण्डको आयोजनामा धनुषा जिल्ला अदालत घेराउ गर्दैछौँ।'

उनले धनुषा जिल्ला अदालत घेराउका लागि मधेश प्रदेशभरबाट ८ देखि १० हजार पीडित सहभागी हुने बताए।

## संघीय सरकारले आज ४ बजे नयाँ बजेट ल्याउँदै




**अपन दैनिक संवाददाता**

**सिरहा ।** अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्षको बजेट आज (शुक्रबार) संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गर्दै छन्। गत फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा झन्डै दुई तिहाइ जनमत प्राप्त गरेको राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले बजेट प्रस्तुत गर्दैछ।

निर्वाचनका क्रममा रास्वपाले प्रस्तुत गरेको वाचापत्र, सरकार गठन भएपछि सार्वजनिक भएको शासकीय सुधारका १०० बुँदे कार्ययोजना र सदनमा प्रस्तुत विनियोजन विधेयकका प्राथमिकता र सिद्धान्तका आधारमा बजेट आउने बताइएको छ।

संघीय संसद्का दुवै सदनमा सांसदहरूले दिएको सुझाव, राष्ट्रिय स्वतन्त्र पार्टीले गत फागुन २१ को निर्वाचनमा व्यक्त गरेको वाचापत्र, सरकारको सुशासनको मार्गचित्रलगायतका विषयलाई बजेटको केन्द्रमा राखिएको छ।

आज (जेठ १५ गते) गणतन्त्र दिवसको दिन संघीय संसद्को संयुक्त बैठकमा अर्थमन्त्रीले आगामी आवको बजेट प्रस्तुत गर्ने कार्यक्रम छ।

नयाँ संविधान जारी भएपछि हरेक वर्ष जेठ १५ गते नै बजेट

बाँकी पृष्ठ ३ ▸▸

## समाजका लागि प्रेरणा बनिन् शिक्षिका जिवछी साह

**नरेशचन्द्र बरबरिया**
**सिरहा, जेठ १४ गते**



सिरहामा इमानदारी र जिम्मेवारीको उदाहरण प्रस्तुत गर्ने एक शिक्षिकालाई भव्य कार्यक्रमबीच सम्मान गरिएको छ। सिरहा नगरपालिका-१८ स्थित जनता माध्यमिक विद्यालय लक्ष्मीनिया भोजनाहाकी शिक्षिका जिवछी कुमारी साहलाई हराएको मोबाइल, एटीएम कार्ड तथा महत्वपूर्ण कागजात सुरक्षित रूपमा वास्तविक धनीसम्म फिर्ता गरेपछि चादर, माला, अबिर, प्रशंसापत्र तथा नगद ५ हजार १ सय रुपैयाँसहित सम्मान गरिएको हो।

केही दिनअघि सिरहाको हटिया गल्लीमा फेला परेको महँगो आइफोन, एटीएम कार्ड र अन्य कागजात साहले सुरक्षित राखेर सिरहा नगरपालिका-१४ खिरौनाका रिटायर्ड एसोसियेट प्रोफेसर बिन्देश्वर गोइतलाई जिम्मेवारीपूर्वक फिर्ता गरेकी थिइन्। उनको इमानदारीपूर्ण कार्यको स्थानीयस्तरमा व्यापक प्रशंसा भइरहेको छ।

सम्मान समारोहमा वडा अध्यक्ष शैलेन्द्र कुमार यादवले साहको कार्य समाजका लागि प्रेरणादायी रहेको बताए। प्रमुख अतिथि प्रदेशसभा सदस्य प्रमोद यादवले आजको समयमा यस्ता इमानदार व्यक्तिहरू कमै भेटिने भन्दै उनको खुलेर प्रशंसा गरे।

कार्यक्रममा विभिन्न बुद्धिजीवी, शिक्षक, समाजसेवी, विद्यार्थी तथा स्थानीयवासीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। वक्ताहरूले जिवछी कुमारी साहले समाजमा इमानदारी, नैतिकता र जिम्मेवारीको भावना अझै जीवित रहेको उदाहरण प्रस्तुत गरेको बताएका थिए।

## महिनावारी स्वच्छता दिवस, विद्यालयका किशोरीले गरे सचेतनामूलक कार्यक्रम

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ १४ गते**



महिनावारीका वेला स्वच्छतामा ध्यान नदिँदा हुन सक्ने मानसिक, शारीरिक तथा स्वास्थ्यसम्बन्धी समस्याहरूबारे सजग गराउने उद्देश्यले सिराहाको लहानमा विद्यालयमा अध्ययनरत किशोरीहरूले विभिन्न सचेतनामूलक कार्यक्रम गरेका छन्।

'महिनावारीमैत्री संसारका लागि अघि बढौँ' भन्ने नारासहित लहान नगरपालिकाको सभाहलमा बिहीबार आयोजित स्वच्छता दिवसमा विभिन्न सामुदायिक विद्यालयमा अध्ययनरत किशोरीहरूले महिनावारी स्वच्छतासम्बन्धी सांस्कृतिक प्रस्तुतिसहित लघुनाटक, महिनावारी, स्वच्छतासम्बन्धी अनुभव, सिकाइ साटासाट गरे।

स्वच्छता दिवसको उद्घाटन गर्दै नगरप्रमुख महेशप्रसाद चौधरीले महिनावारी प्राकृतिक र निश्चित उमेरसम्म निरन्तर प्रक्रिया भएकाले सरसफाइमा विशेष ध्यान दिएमा पाठेघरमा हुने संक्रमणजन्य रोगहरूबाट बच्न सकिने उल्लेख गरे।

'सामुदायिक विद्यालयहरूमा पर्याप्त स्यानेटरी प्याड पठाइएको छ,' उनले भने, 'महिनावारीका वेला आफू अध्ययनरत विद्यालयमा आवश्यकताअनुसार फोकल शिक्षिकाको सहयोगमा प्याड लिएर प्रयोग गरे पढाइ पनि छुट्दैन र

बाँकी पृष्ठ ४ ▸▸

**आगलागी**

**एक छिनको लापरबाही,**
**बन्न सक्छ ठूलो तबाही ।**

**पहिल्यै सोचौं, होऔं सावधान,**
**आगलागीबाट जोगाऔं घरपरिवार ।**

**आमसंचार प्राधिकरण**
**मधेश प्रदेश, जनकपुरधाम**






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

### शिक्षामा स्थानीय तहको बेवास्ता

सिरहाको नरहा गाउँपालिकामा शिक्षा क्षेत्रको अवस्था फेरि एकपटक अस्तव्यस्त देखिएको छ। शैक्षिक सत्र सकिन लाग्दासमेत विद्यालयहरूले दिवा खाजा, छात्रवृत्ति, मसलन्द, पाठ्यपुस्तक तथा ननस्यालरी शीर्षकको रकम नपाउनु अत्यन्तै दुःखद र गैरजिम्मेवार अवस्था हो। विद्यालय सञ्चालनजस्तो संवेदनशील विषयमा स्थानीय तहको यस्तो लापरवाहीले शिक्षा प्रणालीप्रतिको प्रतिबद्धतामाथि नै प्रश्न उठाएको छ।

स्थानीय तहहरूले नीति तथा कार्यक्रममा शिक्षा, स्वास्थ्य, कृषि र रोजगारीलाई प्राथमिकतामा राख्ने घोषणा गरे पनि व्यवहारमा त्यसको अनुभूति हुन सकेको छैन। बजेट विनियोजन र कार्यान्वयनको अवस्था हेर्दा शिक्षा अझै पनि प्राथमिकताभन्दा बाहिरै रहेको स्पष्ट हुन्छ। अझ केन्द्र र प्रदेशबाट आएका सशर्त बजेटसमेत विभिन्न बहानामा रोकिँदा विद्यालयहरू प्रत्यक्ष प्रभावित बनेका छन्।

विद्यालयका प्रधानाध्यापकहरूले व्यक्तिगत लगानी र उधारोमा दिवा खाजा सञ्चालन गर्नुपरेको अवस्था अत्यन्त चिन्ताजनक छ। राज्यले उपलब्ध गराउनुपर्ने आधारभूत रकम समयमै नपाउँदा शिक्षक तथा विद्यालय प्रशासन आर्थिक र मानसिक दबाबमा परेका छन्। पाठ्यपुस्तक उधारोमा खरिद गर्नुपर्ने, छात्रवृत्ति वितरण गर्न नसक्दा अभिभावकको गुनासो सहनुपर्ने तथा दैनिक प्रशासनिक कामसमेत प्रभावित हुने अवस्था कुनै पनि हिसाबले स्वीकार्य हुन सक्दैन।

शिक्षा शाखामा पर्याप्त तथा सक्षम कर्मचारी नहुनु, फाइल प्रक्रिया ढिलो हुनु वा लेखा शाखाका कर्मचारी बाहिर हुनुजस्ता कारण देखाएर जिम्मेवारीबाट पन्छिन मिल्दैन। विद्यालय सञ्चालन नियमित र संवेदनशील विषय भएकाले यसमा ढिलासुस्तीको कुनै बहाना स्वीकार्य हुँदैन। स्थानीय सरकारको पहिलो दायित्व नै आधारभूत सेवाको सुनिश्चितता हो, जसमा शिक्षा सबैभन्दा महत्वपूर्ण क्षेत्र हो।

नरहा गाउँपालिकामा जम्मा १३ वटा सामुदायिक विद्यालय रहेका छन्। सीमित विद्यालयलाई समेत समयमै रकम उपलब्ध गराउन नसक्नु प्रशासनिक कमजोरी मात्र होइन, शिक्षा क्षेत्रप्रतिको उदासीनता पनि हो। यस्ता प्रवृत्तिले सार्वजनिक विद्यालयप्रतिको विश्वास कमजोर बनाउँदै लैजान्छ।

अब स्थानीय तहले शिक्षा क्षेत्रलाई भाषण र नारामा होइन, व्यवहारमा प्राथमिकता दिन आवश्यक छ। विद्यालयले समयमा पाउनुपर्ने रकम तत्काल निकासा गरिनुपर्छ। साथै, यस्ता समस्या दोहोरिन नदिन स्पष्ट कार्ययोजना, जिम्मेवार संयन्त्र र प्रभावकारी अनुगमन प्रणाली विकास गर्नु अपरिहार्य भइसकेको छ। शिक्षा क्षेत्रलाई बेवास्ता गर्ने प्रवृत्ति अन्त्य नगरेसम्म गुणस्तरीय शिक्षा र समृद्ध समाजको सपना पूरा हुन सक्दैन।

**बालअधिकार सुनिश्चित गरौं**

**बालअधिकार**:
- शिक्षा, स्वास्थ्य र पालनपोषणको अधिकार।
- हिंसा र शोषणबाट जोगिने अधिकार।
- अभिव्यक्ति र सहभागिताको अधिकार।
- माया, स्नेह र संरक्षण पाउने अधिकार।
- खेल र मनोरञ्जनको अधिकार।

**त्यसैले**,
- बालश्रम अन्त्य गरौं।
- सबै बालबालिकालाई विद्यालय पुऱ्याऔं।
- बालबालिकाको आवाज सुन्ने संस्कार बसालौं।
- बालमैत्री समाजको निर्माण गरौं।

**"आजका बालबालिका. भोलिका कर्णधार"**

**लक्ष्मीपुर पतारी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, लक्ष्मीपुर पतारी**
मधेश प्रदेश, सिरहा (नेपाल)

# अविराम अस्थिरता

## प्रदेशसभाको दोस्रो कार्यकालको साढे तीन वर्षमै पाँच मुख्यमन्त्री, १०७ सदस्यीय प्रदेशसभाका ५० जना मन्त्री



**वीरेन्द्र रमण**

प्रदेश गठनको करिब नौ वर्ष पुग्न लाग्दा यसपालि मधेश प्रदेशमा पहिलो पटक मधेशकेन्द्रित दलविनाको सरकार गठन भयो। २१ वैशाखमा जनमत पार्टीले समर्थन फिर्ता लिएपछि अल्पमतमा रहेको नेपाली कांग्रेस नेतृत्वको सरकारले हालै सत्ता गठबन्धनको अर्को घटक जनता समाजवादी पार्टी (जसपा) नेपाललाई हटाएर नेकपा (एमाले)लाई सहभागी गरायो। यस गठबन्धनमा नेपाली कम्युनिष्ट पार्टी (नेकपा) पनि मिसिएको छ।

१२ जेठमा कांग्रेस, एमाले र नेकपाले सत्ता गठबन्धनलाई निर्वाचनसम्म लैजाने, मन्त्रिमण्डलको आकार घटाउनेलगायत १५ बुँदे सहमति गरेका छन्। सहमति भएसँगै एमालेबाट तीन तथा कांग्रेस र नेकपाबाट एक एक जना गरी पाँच जना मन्त्रीले शपथ लिए। अहिलेको मन्त्रिपरिषद्मा कांग्रेसबाट मुख्यमन्त्रीसहित तीन, एमालेका चार र नेकपाका चार जना मन्त्री छन्।

दलहरूबीचको सहमति कार्यान्वयन हुनेमा भने आशंका गरिएको छ। कारण, विगतमा राजनीतिक अस्थिरताका कारण मधेश प्रदेशमा पटक पटक सरकार फेरिने र मन्त्रीहरू हेरफेर हुने हुँदै आएको छ।

हुन पनि, प्रदेशसभाको दोस्रो कार्यकालमा मधेश सरकार धेरै अस्थिर रहँदै आएको छ। संघीयता कार्यान्वयनपछि प्रदेशसभाको पहिलो पाँच वर्ष कार्यकालमा भने एउटै सरकार टिकेको थियो। पहिलो कार्यकालमा मुख्यमन्त्री लालबाबु राउतले पूरै पाँच वर्ष सरकार चलाएका थिए। तर, दोस्रो कार्यकालमा पटक पटक सरकार ढल्ने र बन्ने क्रम चलिरहेको छ। राजनीतिक दलहरू सत्तामुखी जोडघटाउमा केन्द्रित हुँदा मधेश प्रदेशका जनताको विकासको आकांक्षा पूरा हुन सकेको छैन र मधेश सरकार 'मुख्यमन्त्री र मन्त्री उत्पादन गर्ने कारखाना' जस्तै बनेको छ।

२०७९ सालमा भएको प्रदेशसभाको दोस्रो निर्वाचनपछि मधेश सरकारमा हालसम्म पाँच जना मुख्यमन्त्री फेरिएका छन्। ५१ जना मन्त्री बनेका छन्।

राजनीतिक दलहरूको सत्ताकेन्द्रित दाउपेच र भागबन्डाका कारण मधेश प्रदेशको सुशासन र विकासको गति ठप्पप्रायः छ। १०७ सदस्यीय प्रदेशसभा रहेको मधेश प्रदेशमा मुख्यमन्त्रीहरू मन्त्री बनेको हिसाब नगर्ने हो भने ५० जना सदस्य मन्त्री र राज्यमन्त्री बनिसकेका छन्।

### साढे तीन वर्षमा पाँच मुख्यमन्त्री

मधेश प्रदेशसभाको दोस्रो कार्यकालको सुरुआतमा जसपा नेपालका संसदीय दलका नेता सरोजकुमार यादवको नेतृत्वको सरकारमा एमाले, जनमत पार्टी सहभागी भएका थिए। २७ पुस २०७९ मा यादवले मुख्यमन्त्री पदको शपथ लिएका थिए। उनको कार्यकालमा मन्त्रिपरिषद्मा धेरै फेरबदल भयो। कहिले एमाले र कहिले कांग्रेसको समर्थन पाउँदा मन्त्रीहरू हेरफेरमा परे।

यादवको कार्यकालमा एमालेका सरोजकुमार यादव, जसपाका सञ्जयकुमार यादव, वसन्त कुशवाहा, महेशप्रसाद यादव, सरिताकुमारी साह, शत्रुघ्नप्रसाद सिंह, सिगासन सा कलवार, राजकुमार लेखी, मोहम्मद जैद आलम, शेख अबुल कलाम आजाद, केशव राय, जनमत पार्टीका सञ्जयकुमार यादव मन्त्री बने।

यस्तै, कांग्रेसबाट कृष्णप्रसाद यादव, वीरेन्द्रप्रसाद सिंह, नेकपा (एकीकृत समाजवादी)बाट गोविन्दबहादुर न्यौपाने, बेची लुगेली, नेकपा (माओवादी केन्द्र)बाट सुनिता यादव, रहबर अन्सारी, युवराज भट्टराई, भरतप्रसाद साह, जनमत पार्टीबाट चन्दनकुमार सिंह, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)बाट रमेशप्रसाद कुर्मी, एमालेबाट प्रमोदकुमार जयसवाल, शारदा थापा नयाँ अनुहारका अर्थात् पहिलो पटक मन्त्री बने।

यादवले प्रदेशसभाबाट विश्वासको मत पाउन नसकेपछि जनमत पार्टीका सतिशकुमार सिंह मुख्यमन्त्री बने। एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी, नागरिक उन्मुक्ति, नेपाल संघीय समाजवादी पार्टीको गठबन्धनबाट २५ जेठ २०८१ मा उनी मुख्यमन्त्रीको कुर्सीमा बसेका थिए।

उनको नेतृत्वको सरकारमा विगतमा मन्त्री बनेकाहरूलाई छाडिदिँदा नयाँ अनुहारका मन्त्री विमला अन्सारी, उर्मिला चौधरी, रञ्जुदेवी मण्डल, त्रिभुवन साह, सकिल मियाँ, शेष नारायण यादव, कौशल किसोर राय, रानी शर्मा तिवारी, जनार्दनसिंह क्षेत्री, सुनिलकुमार यादव बने।

सिंहले २२ साउन २०८१ मा मन्त्रिपरिषद् विस्तार गरेर २० सदस्य पुऱ्याए। यसमा सबै दलबाट केही राज्यमन्त्री नयाँ अनुहारका थपिए। यसको चर्को विरोध भएपछि राज्यमन्त्रीहरूलाई एक सातापछि २९ साउनमा हटाइयो। पछि मन्त्री बनेकाहरूमध्ये रामबाबु यादव, शम्भु साह, रेखा ठाकुर, नीलम रजक नयाँ अनुहारका थिए।

मुख्यमन्त्री सिंहले जेन-जी आन्दोलनको असहज परिस्थितिमा २४ भदौ २०८२ मा पार्टीको दबाबमा फेसबुकमार्फत राजीनामा घोषणा गरेका थिए। तर, प्रदेशसभा विघटन नभएपछि उनले पदमा रहिरहने अडान लिएका थिए। अन्ततः प्रदेशसभाबाट विश्वासको मत पाउन नसक्ने देखेपछि २८ असोज २०८२ मा मुख्यमन्त्रीबाट राजीनामा दिए।

२९ असोज २०८२ मा लोसपाका नेता जितेन्द्रप्रसाद सोनल जसपा, जनमत, माओवादी केन्द्र र एकीकृत समाजवादीको समर्थनमा मुख्यमन्त्री बने। उनको कार्यकालमा तीनसदस्यीय मन्त्रिपरिषद्मा कनिश पटेल मात्रै नयाँ अनुहारका मन्त्री बने। प्रदेशसभाबाट विश्वासको मत पाउन नसक्ने देखेपछि सोनलले २२ कात्तिककै मुख्यमन्त्रीबाट राजीनामा दिए।

उनको राजीनामापछि प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले संविधानको धारा १६८ को उपधारा ३ अनुसार एमाले संसदीय दलका नेता सरोजकुमार यादवलाई सबैभन्दा ठूलो दलको हैसियतमा २३ कात्तिकमा मुख्यमन्त्री नियुक्त गरिन्। भण्डारीले यादवलाई बर्दिबासको एक होटलमा मध्यरातमा शपथ दिलाएकी थिइन्। उनको कार्यकालमा पहिले मन्त्री बनेकाको हिसाब नजोड्दा एमालेबाट लखन दास तत्मा र राप्रपाबाट कञ्चन विच्छा पहिलो पटक मन्त्री बने।

यादवको मुख्यमन्त्री नियुक्तिको विषय अदालतमा पुगेको थियो। विश्वासको मतका लागि बोलाइएको प्रदेशसभा बैठकबाट विश्वास नपाउने निश्चित भएपछि उनले १७ मंसिरमा पदबाट राजीनामा दिए।

यादवले राजीनामा दिएपछि १९ मंसिरमा कांग्रेस, जसपा, जनमत पार्टी, माओवादी केन्द्र, लोसपा र एकीकृत समाजवादीका ७७ जना प्रदेशसभा सदस्यको हस्ताक्षरसहित कांग्रेसका संसदीय दलका नेता कृष्णप्रसाद यादव मुख्यमन्त्री बनेका थिए। उनको मन्त्रिपरिषद्मा विगतमा मन्त्री बनेकाहरूबाहेक जंगीलाल राय, जवाहर कुशवाहा, मनीषकुमार सुमन, राजकुमार गुप्ता, शंकरप्रसाद चौधरी, श्याम पेटल, फकिरा महतो, मोहम्मद समिर, नागेन्द्र साह पहिलो पटक मन्त्री बनेका थिए।

### अस्थिरता किन ?

मधेश प्रदेश राजनीतिक अस्थिरताका हिसाबले अन्य प्रदेशको तुलनामा बदनाम छ। केन्द्रमा परिवर्तन हुने गठबन्धनको असर प्रदेशसम्ममा पर्ने गरेकाले पनि सरकार परिवर्तन हुने गरेको छ। यादव नेतृत्वको वर्तमान सरकारमा जसपा, कांग्रेस, नेकपा सहभागी थिए। तर, केन्द्रमा भएको सहमतिअनुसार जसपालाई गठबन्धनबाट हटाएर एमालेलाई सामेल गरिएको छ। यसले प्रदेशमा दलहरू स्वायत्त हुन नसकेको र केन्द्रकै इसारामा चल्ने गरेको देखाएको छ।

मधेशका युवा अभियन्ता सरोजकुमार मिश्र मधेशकेन्द्रित दलहरू मधेश आन्दोलनको भावना र जनताको म्यान्डेट बिर्सेर सत्ताको खेलमा केन्द्रित रहेकाले अस्थिरता देखिएको बताउँछन्। भन्छन्, "राजनीतिक दलहरूले आत्मसमीक्षा नगर्ने र सत्ताको खिचातानीमा लाग्ने खेल नरोक्ने हो भने जनतामा संघीयताप्रति असन्तुष्टि बढ्दै जान्छ, जुन राजनीतिक व्यवस्था र दलहरूकै लागि हितकर होइन।"

नेकपाको संसदीय दलका नेता एवं अर्थमन्त्री युवराज भट्टराई सरकार परिवर्तनको खेललाई रोक्न र जनतालाई विश्वासको अनुभति गराउनकै लागि तीन दलले सहमति गरेको दाबी गर्छन्। "हामीले भनेर होइन, देखाउने हो। अब सरकारको नीति तथा कार्यक्रम र बजेट आउँछ, त्यसपछि हामी के चाहन्छौँ भन्ने सबै प्रस्ट भइहाल्छ।"

मुख्यमन्त्री यादव पनि अहिलेको आवश्यकता र परिस्थितिको मागअनुसार मधेशमा सरकार परिवर्तनको खेललाई विराम दिन सहमति गरेको बताउँछन्। भन्छन्, "अब सरकार परिवर्तनको खेलभन्दा पनि जनतालाई विकासको अनुभुति दिने गरी हामीले काम गर्नेछौँ।"

## आजको राशिफल

**मेष** : जीवनसाथीसँगको सम्बन्ध मधुर रहनेछ र पारिवारिक सहयोगले महत्वपूर्ण काम बन्नेछन्।

**बृष** : स्वास्थ्यमा सुधार आउनेछ। पुराना शत्रु र प्रतिस्पर्धीहरू परास्त हुनेछन्।

**मिथुन** : बौद्धिक र रचनात्मक कार्यमा रुचि बढ्नेछ। सन्तान वा विद्यार्थी वर्गबाट सुखद समाचार प्राप्त होला।

**कर्कट** : पारिवारिक विषयलाई लिएर केही मानसिक चिन्ता बढ्न सक्छ।

**सिंह** : तपाईंको हिम्मत र पराक्रममा वृद्धि हुनेछ। दाजुभाइ तथा नजिकका मित्रहरूबाट पूर्ण सहयोग मिल्नेछ।

**कन्या** : आर्थिक दृष्टिकोणले दिन राम्रो छ। रोकिएको धन फिर्ता आउन सक्छ वा नयाँ आम्दानीको स्रोत फेला पर्न सक्छ।

**तुला** : चन्द्रमा आफ्नै राशिमा रहेकाले मानसिक रूपमा प्रसन्नता र उत्साह कायम रहनेछ।

**वृश्चिक** : खर्चको मात्रा बढ्न सक्छ, त्यसैले आर्थिक बजेट बनाएर चल्नुहोला।

**धनु** : आजको दिन निकै भाग्यशाली साबित हुन सक्छ। रोकिएका महत्वपूर्ण कामहरू सहजै सम्पन्न हुनेछन्।

**मकर** : कार्यक्षेत्रमा तपाईंको वर्चस्व बढ्नेछ। नयाँ पदोन्नति वा जिम्मेवारी पाउने योग छ।

**कुम्भ** : भाग्यले पूर्ण साथ दिनेछ। धार्मिक र आध्यात्मिक कार्यमा मन जानेछ, कुनै तीर्थयात्राको योजना बन्न सक्छ।

**मीन** : आजको दिन अलि सावधानी अपनाउनुपर्ने देखिन्छ। स्वास्थ्यमा अचानक उतारचढाव आउन सक्छ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस्।**


**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# सरकारका दुई महिना:
# सय कार्यसूचीका अधिकांश काम भएका छैनन् कार्यान्वयन

✍अपन दैनिक संवाददाता
काठमाडौं, जेठ १४ गते

सरकारको कार्यसम्पादनलाई नतिजामुखी र प्रभावकारी बनाउने उद्देश्यले सार्वजनिक गरिएको कार्यसूचीमध्ये अधिकांश कामहरू कार्यान्वयन हुन सकेको छैनन्।

सरकारले समयबद्ध रुपमा गर्ने कार्यहरुको सूची सार्वजनिक गरेको थियो । यो दुई महिनाको अवधिका आधारमा सरकारले गरेका कामहरूको विश्लेषण गर्दा अधिकांश सूची तोकिएको समयावधि अनुसार कार्यान्वयन हुन सकेको छैनन्।



सर्वाधिक चर्चा र विवादित विषय यसबीचमा सुकुमवासी बस्तीलाई हटाउने कार्य बन्यो । काठमाडौं उपत्यका सहित देशभर सरकारले सुकुमवासी बस्ती खाली गराउने कार्य यही समयावधिमा गर्‍यो। सुकुमवासी बस्ती खाली नगराउन अदालतको आदेशसँगै काठमाडौंमा डोजर चल्न रोकिएपनि देशका कतिपय स्थानमा भने निरन्तर चलिरहेको छ।

सरकारको एक सय कार्यसूचीमा भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीको डिजिटल लगत संकलन तथा प्रमाणीकरण ६० दिनभित्र सक्ने उल्लेख थियो । अतिक्रमित बस्ती खाली गरेर वास्तविक सुकुमवासी लगत संकलन तथा प्रमाणीकरणको कार्य जारी रहेको छ । सकिएको छैन।

संघीय मन्त्रालय घटाएर १७ कायम गर्ने कार्यसूचीलाई कार्यान्वयन गरिएको छ। सरकार बनेको ३० दिनभित्रमा मौजुदा नेपाल सरकार (कार्य विभाजन) नियमावली संशोधन गर्ने भनिएपनि तोकिएको अवधि पछि सरकारले निर्णय गरेको छ।

यही बीचमा सरकारले निजामती कर्मचारीको ट्रेड युनियन र विश्वविद्यालयमा विद्यार्थी संगठन खारेज अध्यादेश मार्फत गर्‍यो। सरकारको त्यस निर्णय विरुद्ध सम्बद्ध पक्ष सर्वोच्च अदालत गएर अल्पकालीन आदेश ल्याएको छ।

सरकारी उच्च ओहोदामा रहेकाहरूले गरेको अनियमितता छानबिन गर्नका लागि १५ दिनभित्रमा अधिकार सम्पन्न छानबिन समिति गठन गर्ने भनिएको थियो।

तर, आयोग बनाइयो। सबै दलका घोषणापत्र, वाचापत्र, प्रतिबद्धता पत्रहरुबाट कार्यान्वयन योग्य विषयहरू संश्लेषण गरी राष्ट्रिय प्रतिबद्धता तयार गर्ने भनिएपनि दलहरूले आफ्नो राय/सुझाव दिएनन्।

सरकारले बनाएको मस्यौदामा राय तथा सुझाव दिनका लागि विपक्षी दलहरूलाई सरकारले आग्रह गरेको थियो।

संविधान संशोधन बहस पत्र तयार गर्ने कार्यदल गठन गर्ने सरकारी निर्णय कार्यान्वयनमा आएको छ।

प्रधानमन्त्री शाहका राजनीतिक सल्लाहकार असीम शाहको नेतृत्वमा रहेको कार्यदलले दलका नेताहरू, कानुनविद्, पूर्व न्यायाधिवक्ता लगायतसँग छलफल गरिरहेको छ। प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेस भने बहसपत्र तयार गर्ने सरकारी छलफलमा सहभागी भएको छैन।

दलित, बहिष्कृत समुदायप्रति राज्यबाट भएको विभेदमा १५ दिनभित्र राज्यका तर्फबाट औपचारिक क्षमायाचना रास्वपा सभापति रवि लामिछानेले संसदबाट गरे। तर, उक्त समुदायका लागि सुधारमुखी कार्यक्रम

बाँकी पृष्ठ ४ ▸▸

# सिरहामा सशस्त्रद्वारा चालु आर्थिक वर्षमा ९ करोड ८२ लाखभन्दा बढी अवैध सामान बरामद

✍अपन दैनिक संवाददाता
सिरहा, जेठ १४ गते



सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर सिरहाले चालु आर्थिक वर्षमा अवैध सामान नियन्त्रणमार्फत राज्यको राजस्व संकलनमा उल्लेखनीय योगदान पुर्‍याएको छ।

गणको १९औं स्थापना दिवसको अवसरमा सार्वजनिक गरिएको विवरण अनुसार आर्थिक वर्ष २०८२/०८३ मा हालसम्म मात्रै ९ करोड ८२ लाख ७८ हजार ३ सय २९ रुपैयाँ बराबरको अवैध सामान बरामद गरी सम्बन्धित भन्सार कार्यालयमा दाखिला गरिएको छ।

सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर सिरहाका एसपी सुमन जंग थापा क्षेत्रीका अनुसार, यस उपलब्धिले सीमा क्षेत्रमा हुने अवैध चोरी-निकासी तथा पैठारी नियन्त्रणमा महत्वपूर्ण सफलता हासिल भएको छ।

त्यस्तै, आर्थिक वर्ष २०८१/०८२ मा समेत ९ करोड ६० लाख ९३ हजार ९ सय ८० रुपैयाँ बराबरको अवैध सामान बरामद गरी भन्सार कार्यालयमा दाखिला गरिएको तथ्यांक सार्वजनिक गरिएको छ।

सीमा सुरक्षा, राजस्व चुहावट नियन्त्रण तथा अवैध गतिविधि रोकथामलाई प्राथमिकतामा राख्दै सशस्त्र प्रहरीले निरन्तर निगरानी, गस्ती तथा सूचना-आधारित कारबाहीलाई प्रभावकारी बनाउँदै आएको जनाएको छ।

स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा सशस्त्र प्रहरी बल मधेश प्रदेश प्रमुख कृष्ण ढकालले प्रहरी नागरिकमैत्री हुनुपर्नेमा जोड दिँदै नागरिकमाथि कुनै पनि प्रकारको दुर्व्यवहार स्वीकार्य नहुने बताए।

उनले भने, 'नागरिकले सेवाको क्रममा जस्तोसुकै प्रतिक्रिया दिए पनि त्यसको प्रतिकार गर्ने छुट प्रहरीलाई छैन । प्रहरीको जिम्मेवारी कानुन कार्यान्वयन गर्नु हो, तर नागरिकलाई दुःख दिने कुनै मनसाय स्वीकार्य हुँदैन।'

ढकालले प्रहरी संगठन नागरिकको करबाट सञ्चालन हुने भएकाले हरेक प्रहरी उत्तरदायी र जिम्मेवार बन्नुपर्ने बताए।

स्थापना दिवसको अवसरमा सीमा सुरक्षा, राजस्व संरक्षण र नागरिकमैत्री प्रहरी सेवालाई अझ सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गर्दै कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल, जिल्ला समन्वय समिति सिरहाका सभापति दिनेश महतो, जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख बासुदेव पाठक, विभिन्न स्थानीय तहका प्रमुख तथा सुरक्षा निकायका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

कार्यक्रमको अध्यक्षता सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण सिरहाका एसपी सुमन जंग थापा क्षेत्रीले गरेका थिए।

# सामुदायिक वन क्षेत्रबाट अनियन्त्रित उत्खनन्

✍अपन दैनिक संवाददाता
सिरहा, जेठ १४ गते

सिरहाको गोलबजार नगरपालिका-१ स्थित त्रिनेत्र सामुदायिक वन क्षेत्रमा अनुमति विना बालुवा-गिट्टी उत्खनन् र भण्डारण गरिएको भन्दै स्थानीयवासी आन्दोलित भएका छन्। वन उपभोक्ता समितिको स्वीकृति नै नलिई ठेकेदार कम्पनीले वनभित्रै ग्राभेल थुपारेपछि स्थानीयले गिट्टी-बालुवा उठाउन रोक लगाएका हुन्।



स्थानीयका अनुसार गोलबजार नगरपालिकाले वडा नं. १ र २ हुँदै बग्ने गागान खोलाबाट बालुवा-गिट्टी उत्खनन गर्न सिरहाकै धनगढीमाई नगरपालिकामा रहेको तिरुपति कन्ट्रक्सनलाई करिब ७१ लाख रुपैयाँमा ठेक्का दिएको थियो । कम्पनीले खोलाबाट सामग्री निकाल्ने अनुमति लिएको भए पनि सामुदायिक वन क्षेत्रमा चोरी पैठारी गर्दै ग्राभेल उत्खनन तथा भण्डारण गरेको आरोप स्थानीयले लगाएका छन्।

स्थानीय महेन्द्र पूर्वेका अनुसार वन उपभोक्ता समितिले पटक-पटक वन क्षेत्रमा सामग्री नराख्न आग्रह गरे पनि ठेकेदार पक्षले बेवास्ता गरेको थियो। 'समितिका पदाधिकारीले धेरै पटक सम्झाउँदा पनि नमानेपछि गाउँले नै रोक्न बाध्य भए,' उनले भने।

स्थानीय सजन पूर्वेका अनुसार वन समितिलाई जानकारी नै नदिई ठूलो परिमाणमा बालुवा-गिट्टी भण्डारण गरिएको छ । स्थानीयले अवरोध गरेपछि त्यहाँ रहेका ट्याक्टर र ट्रक हतारमै हटाइएको उनको दाबी छ।

अनियन्त्रित उत्खननका कारण वन क्षेत्रका बुट्यान नष्ट हुनुका साथै चरिचरण क्षेत्र समेत प्रभावित भएको स्थानीयवासीको गुनासो छ। 'पहिला थोरै होला भन्ने लागेको थियो, तर वनै विनाश हुने गरी उत्खनन र वन ढाक्ने गरी गिट्टी-बालुवा थुपारिएको रहेछ,' उनले भने।

यता डिभिजन वन कार्यालय लहानले वन क्षेत्रभित्र अनुमति विना कुनै पनि सामग्री भण्डारण गर्न नपाइने स्पष्ट पारेको छ । डिभिजन वन अधिकृत वेचन शर्माले सामुदायिक वन समितिसँग समेत अनुमति नलिएको देखिएकाले घटनाबारे जानकारी संकलन गरी आवश्यक परे कारबाही प्रक्रिया अघि बढाइने बताएका छन्।

तर स्थानीयका अनुसार सोमबार दिनभर भण्डारण गरिएको बालुवा-गिट्टी ओसारपसार भइरहँदा पनि वन कार्यालय तथा सम्बन्धित निकायले कुनै सक्रियता देखाएनन्। अनियन्त्रित उत्खनन भइरहँदा समेत जनप्रतिनिधि मौन बसेको भन्दै स्थानीयले मिलेमतोको आशंका गरेका छन्। पटक-पटक जानकारी गराउँदा पनि जनप्रतिनिधि र कर्मचारीहरुले बेवास्ता गरेको उनीहरूको आरोप छ।

सिरहाको धनगढीमाई, कर्जन्हा, गोलबजार, नरहा लगायतका स्थानमा अवैध उत्खनन् भइरहेको स्थानीयको भनाइ छ। कतिपय नगरपालिका र गाउँपालिकाले उत्खनन् गर्ने अनुमति दिए पनि मापदण्ड विपरीत उत्खनन् गर्ने गरेको स्थानीयहरु बताउँछन्। यस विषयमा पटक-पटक सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदा पनि बेवास्ता गरिएको स्थानीयको भनाइ छ।


## औषधि प्रयोग गर्दा ध्यान दिऔं

❍ मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं।
❍ औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं।
❍ गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं।
❍ औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं।
❍ औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं।

नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, नरहा
मधेश प्रदेश, सिरहा (नेपाल)







## संघीय सरकारले आज ४ बजे नयाँ बजेट ............

प्रस्तुत हुँदै आएको छ। संघीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार अपराह्न ४:०० बजे सिंहदरबारस्थित बहुउद्देश्यीय हलमा अर्थमन्त्रीले बजेट प्रस्तुत गर्ने कार्यक्रम तय भएको छ।

यसपटकको बजेटलाई बढी व्यवस्थित, पारदर्शी र परिणाममुखी बनाउने उद्देश्य राखिएको बताइएको छ।

राष्ट्रिय योजना आयोगले आगामी आवका लागि १८ खर्ब ९० अर्ब रुपैयाँ बराबरको बजेट सिलिङ तय गरेको थियो। सरोकारवाला निकायको सुझावलाई बजेटमा यथेष्ट स्थान दिइएको बताइएको छ। चालु आवको बजेट १९ खर्ब ६४ अर्ब बराबरको थियो।

गत भदौ २३ र २४ मा भएको आन्दोलनपछि गठन भएको सरकारका अर्थमन्त्री रामेश्वर खनालले मध्यावधि समीक्षामार्फत बजेटको आकार १६ खर्ब ८८ अर्ब बराबर बनाएका थिए।




माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्द, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाइहरु सुपथ मूल्यमा पाइन्छ।



❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
अपन दैनिक पत्रिका

# प्रधानमन्त्रीलाई मौलापुरकी मेयरले भनिन्– संघ सरकारको हस्तक्षेप बन्द गरियोस्


अपन दैनिक संवाददाता
रौतहट, जेठ १४ गते

रौतहटको मौलापुर नगरपालिकाकी मेयर रिनाकुमारी साहले संघीय सरकारबाट हस्तक्षेप भएको बताएकी छन्। प्रेस वक्तव्य जारी गर्दै उनले प्रमुख प्रशासकीय अधिकृतको भूमिकालाई लिएर संघीय सरकारलाई चेतावनी दिएकी हुन्।

'छोरीसँग मेयर कार्यक्रम', 'फ्री बिजुली, फ्री पानी' लगायतका कार्यक्रम नगरपालिकाको गौरवको कार्यक्रम रहेको उल्लेख गरेकी छिन्।

बजेट कार्यान्वयनको महत्वपूर्ण समयमा नगरपालिकालाई गत्यारोध गर्ने प्रयास भएको भनेर प्रेस वक्तव्य जारी गर्दै उनले स्थानीय तहलाई संविधान र कानुनअनुसार सञ्चालन हुन दिन संघीय सरकारलाई भनेकी छन्।

'सरकारले आफूखुशी कर्मचारी खटाउने, ती कर्मचारीहरूले निर्वाचित जनप्रतिनिधिको निर्देशन अवज्ञा गर्ने,


मौलापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पतौरा, रौतहट
२ नं. प्रदेश, नेपाल
मिति :- २०८३/०२/०८
प्रेस-वक्तव्य



नगरसभाबाट पारित कार्यक्रमहरूको भुक्तानीसमेत माथिको आदेश भन्दै रोक्ने, सशर्त बजेट कार्यान्वयनमा अनावश्यक अवरोध सिर्जना गर्ने तथा योजना कार्यान्वयनमा ढिलासुस्ती गर्नेजस्ता गतिविधिले स्थानीय स्वायत्ततामाथि प्रश्न उठाएको छ,' वक्तव्यमा उल्लेख छ।

यस्ता गतिविधि रोकिनुपर्ने भन्दै उनले अगाडि लेखेकी छन्, 'के मौलापुर नगरपालिका बन्द गर्नुपर्ने हो ? होइन भन्ने मौलापुर नगरपालिकामा भइरहेको गैरकानुनी हस्तक्षेप तत्काल बन्द गर्नुस्। अन्यथा नगरपालिकामा ताल्चा लगाउन हामी बाध्य हुनेछौं।'

# झण्डै २६ वर्षपछि ढल्केवरमा बन्ने भयो ट्रमा सेन्टर

अपन दैनिक संवाददाता
जनकपुरधाम, जेठ १४ गते

झण्डै २६ वर्षपछि धनुषाको मिथिला नगरपालिका ढल्केवरमा क्रिटिकल केयर तथा ट्रमा सेन्टर बन्ने निश्चित भएको छ। मन्त्रिपरिषद्को निर्णयपछि भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ट्रमा सेन्टर निर्माणका लागि आवश्यक जग्गा स्वीकृत गरेसँगै निर्माण हुने सुनिश्चितता बढेको हो।


मन्त्रालयले हालै जारी गरेको निर्णयपत्र अनुसार मिथिला नगरपालिका–७, साविक ढल्केवर गाविस वडा नं. २ 'क' स्थित कि.नं. १६९ अन्तर्गत रहेको चार बिघा तीन धुर ऐलानी जग्गा क्रिटिकल केयर तथा ट्रमा सेन्टर निर्माणको लागि प्रयोग गर्न स्वीकृति दिइएको हो।

लामो समयदेखि राजनीतिक विवाद, स्थानीय असहमति तथा जग्गा विवादका कारण रोकिएको योजना अब अघि बढ्ने भएपछि स्थानीयवासी उत्साह देखिएको छ।

पूर्वपश्चिम राजमार्गअन्तर्गत पर्ने ढल्केवर दुर्घटनाको दृष्टिले अत्यन्त संवेदनशील क्षेत्र मानिन्छ। दैनिकजसो सवारी दुर्घटना हुने यस क्षेत्रमा अत्याधुनिक ट्रमा सेन्टरको आवश्यकता वर्षौंदेखि महसुस हुँदै आए पनि निर्माणस्थलको विषयलाई लिएर स्थानीय राजनीतिक दलबीच विवाद चर्किंदा योजना पटक–पटक अवरुद्ध भएको थियो।

ट्रमा सेन्टर निर्माणको प्रयास २०५७/०५८ देखिनै हुँदै आएको हो। मिथिला नगरपालिकाका निवर्तमान मेयर हरिनारायण महतो ढल्केवर गाविस अध्यक्ष रहेका बेला तत्कालीन श्री ५ को सरकारसमक्ष ट्रमा सेन्टर स्थापनाको प्रस्ताव सिफारिस गरेको थियो।



सरकारले प्रक्रिया अघि बढाउने तयारी गरिरहेकै बेला स्थानीय निकाय विघटन भएपछि योजना लामो समयसम्म रोकिन पुगेको थियो।

संघीयता कार्यान्वयनपछि स्थानीय तह पुनः गठन हुँदा महतो मेयर बने। उनले फेरि ट्रमा सेन्टर निर्माण प्रक्रिया अघि बढाएका थिए।

त्यसका लागि नगरपालिकाले चार फरक स्थानमा जग्गा छुट्याउने प्रयास गरे पनि विवाद उत्पन्न हुँदा काम अघि बढ्न सकेन।

प्रारम्भिकरूपमा प्रस्ताव गरिएका चारमध्ये एक ठाउँमा नगरपालिकाले पछि १५ शय्याको नगरस्तरीय अस्पताल निर्माण गरेपछि ट्रमा सेन्टरको योजना झन् अन्योलमा परेको थियो।

योजना अलपत्र भइरहेकै बेला संघीय सरकारले आर्थिक वर्ष २०७७/०७८ र २०७८/०७९ मा ५० शय्याको ट्रमा सेन्टर निर्माणका लागि ३/३ करोडको दरले बजेट समेत विनियोजन गरेको थियो। तर जग्गा सुनिश्चित हुन नसक्दा निर्माण प्रक्रिया सुरु हुन नपाउँदै बजेट फ्रिज भएको थियो।

पछिल्लो मन्त्रिपरिषद् निर्णयसँगै अब ढल्केवरमा ट्रमा सेन्टर निर्माणको बाटो खुला भएको छ। मन्त्रालयले जग्गाको निर्णय कार्यान्वयनका लागि भूमि व्यवस्थापन तथा अभिलेख विभागलाई जेठ ७ गते पत्राचारसमेत गरिसकेको छ।

साथै स्वीकृति पाएका जग्गा तोकिएको प्रयोजनबाहेक अन्यत्र प्रयोग गर्न नपाइने, अतिक्रमण हुन नदिनुपर्ने तथा उचित संरक्षण गर्नुपर्ने सर्तसमेत राखिएको छ।

स्थानीयवासीका अनुसार ट्रमा सेन्टर सञ्चालनमा आए पूर्वपश्चिम राजमार्ग क्षेत्रमा हुने सवारी दुर्घटनाका घाइतेले समयमै उपचार पाउने छन्। यसले धनुषा मात्र होइन, मधेश प्रदेशकै स्वास्थ्य सेवामा ठूलो राहत पुग्ने अपेक्षा गरिएको छ।

यो सँगै मिथिला नगरपालिका कार्यपालिकाको कार्यालय निर्माणका लागि १ बिघा ७ कट्ठा ८ धुर जग्गा समेत स्वीकृतिसमेत मन्त्रालयले दिएको छ।

नगरपालिका गत आठ वर्षदेखि पुरानो गाविस भवनमा सञ्चालन हुँदै आएको छ। जग्गा प्राप्त नभएकाले नगरपालिकाले कार्यालय भवन निर्माणका लागि बजेट छुट्याउन सकिरहेको थिएन।

नगरपालिकाका मेयर महेन्द्र महतोले निकै संघर्षपछि अब ट्रमा सेन्टरसँगै नगरपालिकाको आफ्नो कार्यालय भवन निर्माणको बाटो खुलेको बताए। उनले नगरपालिकाले अब जग्गा पाइसकेपछि, आगामी आर्थिक वर्षको बजेट भवन निर्माणका लागि छुट्याउने बताएका छन्।

## महिनावारी स्वच्छता दिवस, विद्यालयका किशोरीले ............

संक्रमणजन्य समस्याहरूबाट जोगिन सकिन्छ।'

महिनावारीका वेला प्याड फेर्न र अन्य वेलामा पनि विशेषगरी किशोरी तथा महिलाहरूका लागि आफ्नै घरमा शौचालय नभई नहुने हुँदा किशोरीहरूमार्फत आ–आफ्नो घरमा शौचालय बनाउन अभिभावकसम्म सन्देश पुऱ्याउन आग्रह गरे। 'आर्थिक रूपले नसक्ने परिवारलाई शौचालय बनाउन नगरपालिकाले सघाउँछ, तर जसरी भए पनि बनाऔँ' उनले भने।

स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. गीता यादवले महिनावारी फोहोर पाप हो भन्ने भ्रम रहेको चर्चा गर्दै निश्चित उमेरपछि नियमित रूपमा हुने विशुद्ध प्राकृतिक प्रक्रिया हो भन्नेबारेमा आफ्ना अभिभावकलाई पनि बुझाउनुपर्ने उल्लेख गरिन्। 'कुनै घरमा पहिलोपल्ट किशोरीको महिनावारी भएको खण्डमा खुसी मनाउनुपर्छ,' उनले भनिन्, 'त्यसको अर्थ किशोरीको स्वास्थ्य सामान्य छ भन्ने बुझ्नुपर्छ।' महिनावारी हुँदा प्याड प्रयोग गर्ने, व्यक्तिगत सरसफाइमा ध्यान दिन आग्रह गर्दै उनले त्यसले महिलामा पाठेघर, पिसाबजन्य विभिन्न संक्रमणहरूबाट बच्न सकिने औँल्याइन्।

महिनावारीको समयमा व्यक्तिगत सरसफाइमा ध्यान नदिँदा प्रजनन मार्ग, मूत्र संक्रमणसहित फोहोर प्याड वा कपडा लामो समय प्रयोग गर्दा चिलाउने, रातो हुने, घाउ आउने समस्या देखिनुका साथै संक्रमण बढेर गम्भीर खालका स्त्री रोगसम्बन्धी समस्या हुन सक्ने भएकाले व्यक्तिगत सरसफाइ र प्याडको व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने स्वास्थ्यकर्मीहरू बताउँछन्।

लहान नगरपालिका, नेपाल खानेपानी संस्थान, दलित जनकल्याण युवा क्लब, द विकन परियोजना, होप फाउन्डेसन, समग्र जनउत्थान केन्द्र, एसओएस भिलेजलगायत विभिन्न सामाजिक संस्थाहरूको सहकार्यमा आयोजित दिवसमा महिनावारी स्वच्छता, सुरक्षित वैदेशिक रोजगारी, रगत तथा रक्तचाप जाँच, सुलभ र दिगो शौचालयका विकल्पसम्बन्धी विभिन्न स्टलहरू राखिएका थिए।

## सरकारका दुई महिनाः सय कार्यसूचीका अधिकांश ............

घोषणा गर्ने भनिएपनि ल्याइएको छैन।

जेनजी आन्दोलनको दोस्रो दिनमा भएका घटनाको सत्यतथ्य छानविन गर्न उच्चस्तरीय छानबिन समिति गठन गर्ने कार्यसूचीलाई सरकारले कार्यान्वयन गरेको छ।

सट्टेबाज एप र त्यस सम्बन्धी वेबसाइटहरु २४ घण्टाभित्रै बन्द गर्ने कार्यसूची सरकारले तत्कालै कार्यान्वयन गरेको थियो।

प्रमुख खाद्यान्न बालीको समर्थन मूल्य ३० दिन भित्र तोक्ने कार्यसूची बनाएको सरकारले गत साता मात्र धानको समर्थन मूल्य निर्धारण गरेको छ।

**समयसीमा तोकिएका यी काम हुन सकेनन्**

नागरिकको जीवनमा प्रत्यक्ष सुधार गर्न नतिजामा आधारित शासकीय प्रवन्ध लागू गर्ने सरकारको अघिल्लो पद्तिको कार्य अन्तर्गत थियो।

प्रत्येक मन्त्रालयले ७ दिनभित्र प्रमुख १० कार्य, तिनका समयसीमा, जिम्मेवार अधिकारी र प्रमुख कार्यसम्पादन सूचकसहितको कार्ययोजना तयार गरी कार्यान्वयनमा लैजाने भनिएपनि त्यस बारेमा कार्य भए/नभएको सरकारले सार्वजनिक जानकारी गराएको छैन।

सरकारी सेवा प्रवाहलाई छिटो छरितो बनाउन आवश्यक कार्यविधि, मापदण्ड तथा अनुगमन प्रणाली ३० दिनभित्र तयार गर्ने सरकारी कार्यसूची थियो।

त्यसका लागि कानुनको संशोधन आवश्यक रहे मस्यौदा तयार गर्ने बताइएको थियो। सरकारले त्यसका लागि कानुनको मस्यौदा बनाएन। यस बीचमा आठवटा अध्यादेश ल्याइयो।

फाइल कुन टेबलमा कति समय बसेको ट्र्याकिङ गर्ने सरकारी कार्यसूची थियो। कुनै कार्य तोकिएको समयमा नसकिए माथिल्लो अधिकारीलाई अलर्ट जाने प्रणालीको उपयोग गर्ने भनिएको थियो। आईडी कार्ड, बायोमेट्रिक ओटीपीको प्रयोग गरी इ–सिग्नेचर गरी नागरिकले आफ्नो विवरण बुझाउन सक्ने व्यवस्था लागू गर्ने भनिएपनि कार्यान्वयन हुन सकेन।

३० दिनभित्र राष्ट्रिय सदाचार नीति जारी गर्ने कार्यसूची बनाएपनि कार्यान्वयन हुन सकेन। नागरिक एप वा इमेलबाट प्रमाणपत्रहरु डाउनलोड गर्न मिल्ने व्यवस्था १५ दिनभित्र मिलाउने सरकारको कार्यसूची कार्यान्वयनमा आएको छैन।

सरकारसँग पहिले नै भएको नागरिकको वैयक्तिक विवरण पुनः सोध्नुको सट्टा 'अटो फिल' हुने व्यवस्था सम्बन्धित कार्यालयहरूले आफ्नो प्रणालीमा ६० दिनभित्र गर्ने कार्यसूची थियो।

नागरिकले एउटै डिजिटल प्लेट फर्म मार्फत सबै सेवा सहज रुपमा प्राप्त गर्न सक्ने व्यवस्था मिलाउने सरकारको कार्यसूची थियो। सेवा प्रवाहमा दोहोरोपनको अन्त्य गर्न, पारदर्शिता अभिवृद्धि तथा समय र लागत उल्लेख्य रुपले घटाउन डिजिटल गभर्नेन्स र व्यक्तिगत डाटा संरक्षण सम्बन्धी नीति तथा कानूनको तर्जुमा ६० दिनभित्र गर्ने भनिएपनि त्यो तयार भइसकेको छैन।

कर्मचारीहरूको कार्यसम्पादनलाई परिणामसँग जोड्न प्रत्येक पदको कार्य विवरण वस्तुनिष्ठ कार्यसम्पादन सूचक सम्बन्धित सार्वजनिक निकाय/कार्यालयले ४५ दिनभित्र तयार गर्ने सरकारको कार्यसूची थियो। अनलाइन आवेदन प्रणालीलाई सहज बनाउन नागरिक एप मार्फत आवेदन दिन सकिने व्यवस्था मिलाउने सय बुँदे कार्यसूचीमा उल्लेख छ।

नागरिक एप मार्फत आवेदन दिँदा व्यक्तिले आफ्नो फोनमा रहेको एपले 'लोकल्ली स्टोर' गरेको विवरण वा अन्य प्रणालीबाट प्राप्त विवरणको आधारमा फर्म फिल अप गर्ने व्यवस्था मिलाउने भनिएपनि कार्यान्वयन भएको छैन। यस्तो व्यवस्थाबाट प्रहरी प्रतिवेदन, राहदानी र सवारी चालकको अनुमति पत्रका लागि आवेदन गर्न सकिने व्यवस्था हुने सरकारी अपेक्षा थियो।

सार्वजनिक खरिद प्रक्रियामा हुने ढिला सुस्ती, लागत वृद्धि, गुणस्तरहीन कार्य तथा भ्रष्टाचार नियन्त्रण गर्न सार्वजनिक खरिद ऐनलाई ३० दिनभित्र संशोधन गर्ने सरकारी कार्यसूची पुरा हुन सकेन।

रुग्ण आयोजना, ठेक्का तोडिएका परियोजना लगायतको समस्या समाधान गर्न ३० दिनभित्र अध्ययन टोली गठन गर्ने सरकारी प्रतिबद्दता थियो।

स्वदेशी तथा वैदेशिक लगानीकर्ताहरूका लागि लगानी बोर्ड अन्तर्गत एक महिनाभित्रै एकद्धार स्विकृत प्रणाली स्थापना गरी सञ्चालनमा ल्याउने भनिएपनि कार्यान्वयन हुन सकेको छैन।

लगानी बोर्ड, व्यापार तथा निकासी प्रवर्धन केन्द्र, उद्योग विभाग लगायतका निकायहरूबीच रहेको कार्य जिम्मेवारीको दोहोरोपन अन्त्य गर्न ३० दिनभित्र एकीकृत संरचनाको विस्तृत संगठन तथा व्यवस्थापन सर्भेका लागि तत्काल एक कार्यदल गठन सरकारी प्रतिबद्दता पुरा भएको छैन।

नीजि क्षेत्र, उद्योग व्यवसाय, बैंक तथा वित्तीय संस्था साना तथा मझौला उद्यम तथा सेवा क्षेत्रको सुरक्षा र संरक्षणका लागि 'प्राइभेट सेक्टर प्रोटेक्सन स्ट्राटेजी' बनाई तत्काल लागु गर्ने भनिएको थियो। तर, सरकारी कार्यसूची अनुसार उक्त कार्यसूची कार्यान्वयनमा आएको छैन।

स्वास्थ्य संस्थामा निशुल्क सेवामा रियल टाइम अनुगमनका लागि 'फ्रि हेल्थ पोर्टल' विकास गरी ३० दिनभित्र देशभर लागुगर्ने भनिएपनि कार्यान्वयन भएको छैन। साथै, जलन उपचारका लागि ३० दिनभित्र अधिकांश अस्पतालमा 'वर्न वार्ड' स्थापना प्रक्रिया सुरु सरकारी प्रतिवद्दता लागु भएन। राइड शेयररिङ एपमा एसओएस बटन अनिवार्य गर्ने योजना लागु हुन सकेको छैन।

प्रत्येक जिल्लामा सार्वजनिक नीजि साझेदारीमा चिस्यान केन्द्र स्थापना गर्न १० दिनभित्र सम्भाव्यता अध्ययन गर्ने सरकारी प्रतिबद्दता थियो। राजमार्गका रणनैतिक क्षेत्रहरूमा अध्ययन गरेर तौल पुल ४५ दिनभित्र राख्ने सरकारको कामको सूची बनेको थियो।

व्यवसाय दर्ता, कर दर्ता, बैंक खाता तथा अन्य आवश्यक अनुमति लिनुपर्ने विषयलाई एकीकृत गरी ४५ दिनभित्र 'वान डोर बिजनेस प्लाटफर्म' मार्फत सेवा उपलब्ध गराउने प्रतिबद्दता पुरा हुन सकेको छैन।

कम्पनी रजिष्ट्रार कार्यालय, उद्योग विभाग र वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा रहेका उद्योग व्यवसायसँग सम्बन्धित विवरणहरु स्वचालित रुपमा आदान प्रदान हुने प्रणाली दुई महिनाभित्र विकास गर्ने सरकारी कार्यसूची थियो।

अड्डा, अदालत तथा सरकारी निकायमा रहेको ठूलो धरौटी रकम निष्क्रिय भई विकास निर्माणमा उपयोग हुन नसकेको समस्या समाधान गर्न ६० दिनभित्र त्यस्तो रकम परिचालन गर्ने कानुनी आधार तयार गर्ने भनिएपनि यो बीचमा कानुन बन्न सकेको छैन।


सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं।
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं।
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं।
- पर्व–उत्सवहरू मिलेर मनाऔं।
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं।
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं।
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं।

विविधतामा एकता भन्ने भावना विकास गरौं।

विष्णुपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर
मधेश प्रदेश, सिरहा (नेपाल)